# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## छविसपाथिभेरा गाउँपालिका
## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal


प्रदेश लेखापरीक्षण महानिर्देशनालय

(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९

च.नं.३४१

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,

छविस पाथिभेरा गाउँपालिका,

बझाङ ।

**कैफियत सहितको राय**

हामीले छविस पाथिभेरा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.१ करोड ८९ लाख ७८ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१० लाख ९२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड २९ लाख ८७ हजार र नियमित गर्नुपर्ने रु.४८ लाख ९९ हजार रहेको छ । पालिकाको गत वर्षसम्म रु.६ करोड ७ लाख ४ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड ३७ लाख ७४ हजार रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

छविस पाथिभेरा गाउँपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्र्यौट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th rowspan="2">पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th></tr>
<tr><td>५६</td><td>३७</td><td>१८९७८</td><td>०</td><td>०</td><td>०</td><td>५६</td><td>३७</td><td>१८९७८</td><td>१०९२</td><td>४८९९</td><td>१२९८७</td><td>०</td><td>०</td><td>१७८८६</td><td>०</td></tr>
</table>

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ६०७०४ | ० | १५९०८ | ४४७९६ | ० | १८९७८ | ६३७७४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : छविसपाथिभेरा गाउँपालिका, बझाङ , चबिसपथिवेरा गाउँपालिका , बझाङ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | गगन बहादुर ऐडी | २०७८-११-५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | अम्मर राज जोशी | २०७६-८-२६ | |
| लेखा प्रमुख | मुकेश कुमार थापा | २०७८-१०-१ | |
| लेखा प्रमुख | कालु राम चौधरी | २०७६-१०-१५ | |
| | | **बेरुजु रकम** | १८,९७८,१३२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,९६,४४,४५४.२४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,४५,३९,८१० | **चालु खर्च** | ३३,५९,०५,६३३.८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७८,९४,००० | **पूँजीगत खर्च** | १६,८८,४४,०४२ |
| **राजश्व बाँडफाँट** | ५,३४,९४,९९३.९१ | **वित्तीय/अन्य व्यवस्था** | १,७१,२६,१७४.१७ |
| **आन्तरिक आय** | ११,८१,३९० | | |
| **अन्य आय** | ८,००,८०,५७९.९५ | | |
| **कुल आय** | ५२,७१,९०,७७३.८६ | **कुल खर्च** | ५२,१८,७५,८४९.९७ |
| **बाँकी मौज्दात** | | २,४९,५९,३७७.१४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, १०९.२४वर्ग किलोमिटर क्षेत्रफल तथा करिव २० हजार जनसंख्या रहेको छ ।<br><br>**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु २५१४६६५७। मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु १९६४४४५४.२४ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ५५०२२०२.७६ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु | ५,५०२,२०३ |
| २ | | | **बैंक हिसाव मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| | चालु खाता | २३५०१२५.५९ | ३०४५५९९.५९ | ६९५४७४ |
| | पूजिगत खाता | १८०७५८४० | १८३९८८२७ | ३२२९८७ |
| | **जम्मा** | | | |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३ वटा ऐन ३ नियमावली, ९ कार्यविधि समेत १५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु खर्च लेखेको पाईयो ।

• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ३ वटा ऐन, ३ वटा नियमावली, ९ वटा कार्यविधि लगायत १५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ६ | | | **कार्य संचालन कार्यविधि**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |
| ७ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष वाकी कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ वटा र यो बर्ष थप भएको ९ गरी कूल .१० विवाद दर्ता भएकोमा ७ वटा फछर्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८ | | | **योजना र कार्यान्वयन**<br>योजना र कार्यान्वयन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र.सं. | विवरण | योजनासंख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ४ |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | ५९ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | १६ |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मका योजना | ५ |
| ५ | ५० लाख भन्दा माथीका | ४ |
| | जम्मा | ८८ |

९

**बजेट पेश,पारित र अख्तियारी**

बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री राधिका रताला २०७७।३।१० गते रु ४१ करोड लाख हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१०

**चौमासिक पूँजीगत खर्च**

चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| चालु खर्च | २७७२५ | ६८८२० | ७०६०३ | १३८३४ | ७०४०६ |
| पूजिगत खर्च | १४८१०६ | १६४५० | ४०८९४ | ९०७६३ | ५१२६४ |
| | | | | | |
| कूल खर्च: | ४२५३६४ | ८५२७० | १११४९७ | २२५८९७ | १२१६७० |
| खर्च प्रतिशत | | २०.१० | २६.५० | ५३.४ | २८.६० |

११

**क्षेत्रगत बजेट र खर्च**

क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।(हजारमा)

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ३१०५५ | २७३७४ | ६.०८ |
| सामाजिक क्षेत्र | १७७५७७ | १६२५९० | ३६.१३ |
| पूर्वाधार विकास क्षेत्र | ५३७०६ | ४५३७१ | १०.०८ |
| वातावरण तथा विपद् व्यवस्थापन | २०० | २०० | ०.०४ |
| संस्थागत विकास र सेवा प्रवाह | २२७०५ | २००४४ | ४.४५ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १९४४६५ | १९४४६५ | ४३.२२ |
| **जम्मा** | | **४५००४४** | |

<table>
<tr><td></td><td></td><td></td><td>उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी कार्य सञ्चालन तथा प्रशासनिक खर्चमा ४३.२२ प्रतिशत र सबै भन्दा घटी वातावरण तथा विपद व्यवस्थापनमा ०.०४ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>खर्च विश्लेषण<br>खर्च बिश्लेषण – पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. १ लाख १८ हजार राजस्व बाँडफाँड र अनुदान समेत रू ४४ करोड ५९ लाख २९ हजार आम्दानी भएकोमा चालु तर्फ रू. -२७ करोड ४६ लाख २८ हजार र पूँजिगत तर्फ रू १५ करोड ४३ लाख ४९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.०२६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ६५ लाख ६७ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५५६५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.५९ प्रतिशत चालु र ३८.४१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कर्मचारी करार<br>कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ४१ जना कर्मचारीहरु करारमा राखी रु १करोड १३ लाख ५८ हजार खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कल्याण कोष<br>कल्याण कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हाल सम्म पनि कल्याणकोष गठन गरेको छैन । कानूनको व्यवस्था परिपालनामा पालिका जिम्मेवार वन्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति<br>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>७</td><td>७</td><td>५</td><td>२</td></tr>
</table></td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| १६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **सेवाप्रवाहको स्थिति**<br>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९७१ |
| मृत्युदर्ता | १४० |
| बसाईसराई दर्ता | २८९ |
| विवाह दर्ता | १०४ |
| सम्बन्धविच्छेद दर्ता | १ |
| **प'र्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | " |
| ग्राभेल सडक निर्माण | " |
| ग्राभेल सडक मर्मत | " |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

१८ **पदाधिकारी सुविधा**

पदाधिकारी सुविधा: – स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा

| | | | | |
|---|---|---|---|---|
| | | | सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा ६५ लाख ६७ हजार खर्च लेखेको देखिन्छ । | |
| १९ | | | **खाना तथा विविध खर्च**<br>खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु २८ लाख खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २० | | | **आर्थिक सहायता**<br>आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले राहत प्रयोजनको लागि यो वर्ष ११३ व्यक्ति एवं संघ संस्थालाई रु २७ लाख आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २१ | | | **अनुदान फिर्ता**<br>अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २६५९३८१० | २४८८०२३९५.८३ | १७१३७४१४.१७ |
| | विषेश | ६०००००० | ४३५२ | ४३५२ |
| | समपुरक | ० | | |
| **प्रदेश सरकार** | शसर्त | ६४०७००० | ५९००२७५ | ५०६७२५ |
| | विषेश | ४५००००० | ४५००००० | ० |
| | समपुरक | ० | | |
| | **जम्मा** | | | |

२२

**अनुगमन प्रतिवेदन:**

अनुगमन प्रतिवेदन: विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को वुँदा न ११ मा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरि सँञ्चालन भए नभएको सम्वन्धमा स्थानिय तहले अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय र जिल्ला समन्वय समिती समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसै गरि समपुरक अनुदानबाट सञ्चालित योजनाहरुको अनुगमन समितीले प्रतिवेदन तयार गरी समन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवसथा रहेको छ। कार्यालयले यस्तो प्रतिवेदन तयार पा

| स्रोत | योजना सँख्या | कूल खर्च रु |
|---|---|---|
| सँघ विशेष अनुदान | | ५९९५६४८ |
| प्रदेश विशेष अनुदान | | ४५००००० |

२३

**अनुदानको अनुगमन**

| | | | | |
|---|---|---|---|---|
| | | | अनुदानको अनुगमन – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु २४ लाख ५० हजार तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु ७ लाख गरी रु३१ लाख ५० हजार खर्च लेखेका छन । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २४ | | | **सँघ विशेष अनुदान**<br>**सँघ विशेष अनुदान:** कार्यालयले दलित सहयोग समाज सँग सम्झौता गरि पूर्ण सरसफाई महिनावारी स्वच्छता व्यवस्थापन छाउगोठ मुक्त गाऊपालिका निर्माण कार्यक्रम सञ्चालन भएकोमा निम्न वमोजिम व्यहोरा रहेको छ।<br>कार्यक्रम खर्च : सँस्थाले अभिमुखिकरण कार्यक्रम समुदाय,वडागत तथा पालिका स्तरीय गरि १३ कार्यक्रम, सचेतना तथा क्षमता अभिवृद्बि तालिम ७ कार्यक्रम, समुदायमा समूह गठन १२ कार्यक्रम , सडक नाटक १४ तथा गाऊपालिका स्तरिय १ समिक्षा कार्यक्रम सहित जम्मा ४७ कार्यक्रमहरु सम्पन्न गरि रु ५९३२९२७ खर्च गरेको देखिन्छ। | |
| २५ | | | **सहभागि यातायात खर्च**<br>सहभागि यातायात खर्च: कार्यसञ्चलन निर्देशिका २०७५ को परिच्छेद ७.१.१५ मा गोष्ठी सेमिनार सम्मेलन,कार्यशाला तथा तालिमहरुमा सहभागिहरुलाई वढीमा रु २०० सम्म यातायात तथा खाजा वापत सहभागि भत्ता दिन सकिने उल्लेख छ।सँस्थाले निम्न कार्यक्रमहरुमा वढीको सहभागि भत्ता वापतको रकम भुक्तान गरेको देखिएकोले नियम भन्दा वढी दिएको रकम नियम सम्मत नदेखिएको रु | २६०,९०० |

| कार्यक्रम/सहभागि सँख्या | भुक्तानी रकम | नियम वमोजिको खर्च | वढी खर्च रु |
|---|---|---|---|
| पूर्ण सरसफाई महिनावारी स्वच्छता कार्यक्रम २०७८।३।७...३।९ सहभागि सँख्या ७५ जना | ११२५०० | ४५००० | ६७५०० |
| सरसफाई सम्वन्धि २ दिने किशोरी क्षमता अभिबृद्धि तालिम २०७८।३।११...३।१२ सहभागि ५० जना | ८६००० | ५०००० | ३६००० |
| पूर्ण सरसफाई तालिम २०७८।३।१३ सहभागि ५८ | २९००० | ११६०० | १७४०० |
| सेनेटरी प्याड सम्वन्धी तालिम २०७८।३।१६...३।१७ सहभागि ९६ जना | ९६००० | ३८४०० | ५७६०० |
| वडा न २ मा वडा स्तरिय ५० वर्ष माथिका महिलाहरुलाई पूर्ण सरसफाई कार्यक्रम २०७८।३।१३ सहभागि ५५ जना | २७५०० | ११००० | १६५०० |
| वडा न ३ मा वडा स्तरिय ५० वर्ष माथिका महिलाहरुलाई पूर्ण सरसफाई कार्यक्रम २०७८।३।१३ सहभागि ५३ जना | २६५०० | १०६०० | १५९०० |
| सामाजिक धार्मिक अगुवा विच अन्तक्रिया वडा न२ सहभागि ३० | १५००० | ६००० | ९००० |
| पूर्ण सरसफाई कार्यक्रम वडा न ६ २०७८।३।७ सहभागि ३० जना | १५००० | ६००० | ९००० |
| गाऊपालिका स्तरिय समिक्षा गोष्ठी सहभागि ४० जना | ४०००० | ८००० | ३२००० |
| जम्मा | ४४७५०० | १८६६०० | २६०९०० |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **दोहोरो खर्च**<br>दोहोरो खर्च: सरसफाई सम्वन्धि २ दिने किशोरी क्षमता अभिबृद्धि तालिम २०७८।३।११...३।१२ मा सरिता वि क ले प्रशिक्षक भत्ता र प्रतिवेदन वापत रु २४००० वुझेकोमा सोही कार्यक्रममा सोही विवरण राखि दोहोरो गरि पुन थप रु २४००० वुझेको देखिएकोले दोहोरो गरि लिएको रकम सम्वन्धित बाट असूल हुनुपर्ने रु | २४,००० |
| २७ | | | **प्रमाण पेश हुनुपर्ने**<br>प्रमाण पेश हुनुपर्ने: सँस्थाले निर्माण गरेको अध्यन विश्लेषण रिपोर्ट किताव १०० थानको सँस्थामा जिन्सी दाखिला , खर्च तथा मौज्दात विवरण पेश हुनुपर्ने रु | १२४,३०० |

२८

**कर तथा शुल्क असुली**

कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकिकृत सम्पति कर र घरजग्गा कर | १५०००००० | ११८१३९० | ७८.७६ |
| | | | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२९

**राजश्व वाँडफाँड**

४७२,५५६

राजश्व वाँडफाँड- सुदूरपश्चिम आर्थिक ऐन २०७७ को दफा २, ४, ५ र ८ मा स्थानीय तहले संकलन गरी स्थानीय तहको विभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशत सम्बन्धित स्थानीय संचित कोषमा जम्मा गरी बाँकी ४० प्रतिशत सम्बन्धित प्रदेश संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने ४० प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| घर जग्गा रजिष्ट्रेशन शुल्क | ११८१३९० | ४७२५५६ | ० | ४७२५५६ |

३०

**जटिलसंनरचना निर्माण**

जटिलसंनरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३९।०७७।९।२४ | विद्युत लाइन विस्तार उपभोक्ता समिति | विद्युत लाइन | १०३३७२० |
| ४१।०७७।९।२४ | भवन निर्माण उपभोक्ता समिति | विषयगत शाखाको तला निर्माण | १६०५५०० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३१

**परामर्श खर्च**

परामर्श खर्च : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार नगरी परामर्श दाताले पालिकाबाट परामर्शको लागि स्वीकृत बजेट बमोजिमकै आर्थिक प्रस्ताव पेश गरी स्विकृत बजेट पूरै भुक्तानी गरेको उपयुक्त देखिएन ।तसर्थ परामर्श सेवा खरिद कार्यमा प्रतिस्पर्धा भएको भन्न सकिने आधार छैन । पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा यथोचित प्रतिस्पर्धा नगराई खरिद गरी रु. ९८९९३०।– खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन उक्त डि.पि.आर. कार्यको प्रतिवेदन पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| कार्य विवरण | परामर्शदाता | स्वीकृत बजेट रकम | खर्च रकम |
|---|---|---|---|
| औषधिजन्य जडीबुटी सम्वन्धी अध्ययन | आवास इन्जिनियरिङ कन्सल्टेन्सी | ९८९९३० | ९८९९३० |

९८९,९३०

३२

**सवार सवारीसाधन खरिद**

सवार सवारीसाधन खरिद – स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तीय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.१०६३२००।०० खर्च गरेका छन् । संघीय सरकारको निर्देशन पालना हुनु पर्दछ ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | १ | ३४९९०० |
| २ | ब्याकहु लोडर | १ | ४४९५००० |
| **जम्मा** | | | **४८४४९००** |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **ठेक्का फाइल**<br>ठेक्का फाइल : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(२) मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति उपनियम २ मा उल्लेखित कागजातहरु राखी छुट्टै फाइल खडा गरी राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले विभिन्न ठेक्का सम्झौता गरेकोमा सोको खरीद कारबाहीको छुट्टै फाइल खडा गरी व्यवस्थित अभिलेख राखेको पाइएन । अत कार्यालयले हरेक खरिद कार्वाहीको छुट्टै फाइल खडा गरी अभिलेख व्यवस्थित राख्नु पर्दछ । | |
| ३४ | | | **निर्माण कार्यको ड्रइङ डिजाइन**<br>निर्माण कार्यको ड्रइङ डिजाइन : सार्वजनिक खरिद ऐन, २०६३ को नियम दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गर्नुपर्ने र दफा ५क. मा लागत अनुमान र नक्सा, डिजाइन तथा स्पेसिफिकेशन स्विकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका कार्यहरुको नक्सा डिजाइन स्वीकृत गराएको देखिएन र निर्माण कार्यहरुको आंशिक मात्र नक्सा तयार गरेकोमा प्राविधिकले सफ्ट कपी मात्र राखेको देखियो । कार्यालयले सम्पूर्ण निर्माण कार्यहरु नक्सा अनिवार्य रुपमा तयार गरी सोको हार्ड कपी स्वीकृत गराउनु पर्नेमा नगराएकोले सम्वन्धमा विश्वस्त हुन सकिएन ।यसमा सम्वन्धित प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । अत: कार्यालयले नियमानुसार नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गरी स्वीकृत गराउनु पर्दछ । | |
| ३५ | | | **कन्टेन्जेन्सीबाट अत्याधिक दैनिक तथा भ्रमण भत्ता**<br>कन्टेन्जेन्सीबाट अत्याधिक दैनिक तथा भ्रमण भत्ता : पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडीभाडामा अत्याधिक खर्च गर्ने गरेको छ ।दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन । | |
| ३६ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>हेभी इक्विपमेण्टको प्रयोग — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति | |

लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| १३६।०७८।२।८ | व्यासी विसौना सडक निर्माण उपभोक्ता समिति | सडक खन्ने | २५०००००० | एक्साभेटर | १६७४७२० |
| ४।०७७।११।७ | सुर्कि खोला सडक निर्माण उपभोक्ता समिति | सडक खन्ने | १६५०००० | एक्साभेटर | २७०००० |
| १८।०७८।३।२५ | खोलामारा काप्री गाउं सडक निर्माण उपभोक्ता समिति | सडक खन्ने | १०४५००० | एक्साभेटर | ८५८९०० |

३७

**मूल्य अभिवृद्धि करः**

मूल्य अभिवृद्धि करः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ र ८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएका प्रत्येक व्यक्तिले आफुले कुनै बस्तु तथा सेवाको आपुर्ति गर्दा तोकिए बमोजिमको बिजक जारी गर्नु पर्ने र मूल्य अभिवृद्धि कर योग्य बस्तु तथा सेवा बिक्रीमा मूल्य अभिवृद्धि कर असुल गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिहरु मार्फत निम्नानुसारको सडक खन्ने कार्य गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मबाट एक्साभेटर मेशिन भाडामा लिएकोमा तोकिए बमोजिम बिजक जारी नगरी सादा कागजमा भरपाई पेश गरेको देखियो । कर बिजक जारी नगर्दा बिक्रीमा असुल गरेको मूल्य अभिवृद्धि कर लुकाउनुका साथै बिक्री खातामा अभिलेख नराखी आय समेत नजनाउन सक्ने सम्भावना रहन्छ । अतः कार्यालयबाट भुक्तानी भएको निम्न रकमको सम्बन्धमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रू .

२,८०२,७२०

| भौ .न. मिति | योजनाको नाम | दर्तावाल फर्मको नाम | भुक्तानी भएको भाडा रकम |
|---|---|---|---|
| १३६।०७८।२।८ | व्यासी विसौना सडक निर्माण | | १६७४७२० |
| ४।०७७।११।७ | सुर्कि खोला सडक निर्माण | | २७०००० |
| १८।०७८।३।२५ | खोलामारा काप्री गाउं सडक निर्माण | | ८५८००० |
| जम्मा | | | २८०२७२० |

३८ **प्रमाण कागजात**

प्रमाण कागजात : ८५।०७७।१२।४: आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आलु खेती गर्नको लागि बिउ खरिद बापत एकिकृत कृषि फर्म उपभोक्ता समितिलाई रु. २५००००।– भुक्तानी गरेकोमा उक्त फर्मको दर्ता, आलुखेती गर्ने जग्गाको क्षेत्रफल, आवद्ध कृषकहरुको विवरण संलग्न गरेको देखिएन । उक्त प्रमाणहरु संलग्न गर्नुपर्दछ ।

३९ **बढी भुक्तानी** १७८,०७६

बढी भुक्तानी : १६२।०७८।३।१५: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रकम भुक्तानी गर्दा विल विजक पेश गर्नु पर्ने व्यवस्था छ . औछला तटवन्धन कार्यको उपभोक्ता समितलाई रु. ४ लाख भुक्तानी भएकोमा विजक अनुसार १×१.५×१ को जाली खरिद गरेकोमा नापी किताबमा ३×१×१ को जाली राखी सोको दरले प्राविधिक मूल्यांकन भई भुक्तानी भएको देखिएकोले निम्नानुसार बढी भूक्तानी भएको रु. १७८०७६।– असुल गर्नुपर्ने रु.

| आइटम | | जम्मा | परिमाण | दर | जम्मा | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३×१×१ को जाली | | | १×१.५×१ को जाली | | | |
| ग्याविन | १५ | ७५००० | १५ | २९५९ | ४४३८५ | ३०६१५ |
| ग्याविनमा ढुंगा भर्ने | ४५ | २९४९२१ | २२.५ | ६५५३.८० | १४७४६० | १४७४६१ |
| जम्मा | | | | | | १७८०७६ |

<table>
<tr><td>४०</td><td></td><td></td><td>बढी भुक्तानी<br>बढी भुक्तानी : १८६।०७८।३।२२ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रकम भुक्तानी गर्दा विल विजक पेश गर्नु पर्ने व्यवस्था छ . कार्यालयले निम्न निर्माण कार्यको नापी किताव अनुसार मूंल्यांकन गरी भुक्तानी गरेकोमा नापी किताबमा प्लाष्टरको कामको परिमाण गणना गर्दा ढोका र झ्यालको क्षेत्रफलको परिमाण घटाएको नदेखिएकोले बढी भूक्तानी भएको रु. २३९१४।– असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. नं.</th><th>योजनाको नाम</th><th>प्लाष्टरको परिमाण</th><th>ढोकाको परिमाण</th><th>दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१८६।०७८।३।२२</td><td>मटेला प्रहरी चौकी</td><td>४१४.५४</td><td>३८.८</td><td>४२९.१५</td><td>१६६५१</td></tr>
<tr><td>४०।०७७।९।२५</td><td>वडा नं. भबन</td><td>४०५.६०</td><td>१५.९४</td><td>४५५.६४</td><td>७२६३</td></tr>
</table></td><td>२३,९१४</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>बढी भुक्तानी<br>बढी भुक्तानी : १८६।०७८।३।२२ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रकम भुक्तानी गर्दा विल विजक पेश गर्नु पर्ने व्यवस्था छ . कार्यालयले निम्न निर्माण कार्यको नापी किताव अनुसार मूंल्यांकन गरी भुक्तानी गरेकोमा नापी किताबमा प्लाष्टरको कामको परिमाण गणना गर्दा ढोका र झ्यालको क्षेत्रफलको परिमाण घटाएको नदेखिएकोले बढी भूक्तानी भएको रु. १७०७६।– असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. नं.</th><th>योजनाको नाम</th><th>ढुंगा सोलिङको परिमाण</th><th>पिलर को परिमाण</th><th>दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१८६।०७८।३।२२</td><td>मटेला प्रहरी चौकी</td><td>२०.१५</td><td>३.८१</td><td>४४८२</td><td>१७०७६</td></tr>
</table></td><td>१७,०७६</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>बढी भुक्तानी<br>बढी भुक्तानी : ४१।०७७।९।२५ : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रकम भुक्तानी गर्दा विल विजक पेश गर्नु पर्ने व्यवस्था छ . कार्यालयले विषयगत शाखाको तल्ला निर्माण कार्यको नापी किताव अनुसार मूंल्यांकन गरी उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा नापी किताबमा फलामे डण्डीको कामको परिमाण २२६१.१५ के.जी.को गणना गरी भुक्तानी गरेकोमा सोको खरिद परिमाण १९५५ के.जी. मात्र भएकोले बढी परिमाण ३०६.१५ के.जी. को रु. १०४.९२ ले हुने रु. ३२१२१।- बढी भूक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रु.</td><td>३२,१२१</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>प्रमाण कागजात<br>प्रमाण कागजात : आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ५० प्रतिशत अनुदानमा गहुंको रु. २६९८४०।- विउ खरिद गर १०२ जनालाई वितरण गरेकोमा कृषकहरुको निवेदन, परिचय खुल्ने विवरण, निजहरुले उक्त विउ रोप्ने जग्गाको क्षेत्रफलको विवरण राखेको छैन । एकै व्यक्तिलाई ४० के.जी. देखि १२० के.जी. सम्म विउ दिएकोमा बितरणको मापदण्ड बनाएको देखिएन । अत: रकम सप्लायर्सलाई भुक्तानी गर्नुपर्नेमा ना.प्रा.स. रत्नलाल जोशीले बुझेको पाइयो ।अत: उक्त विउको प्रभावकारी प्रयोग भए नभएको एकिन गर्न सक्ने अवस्था छैन ।कार्यालयले नियमानुसार कागजात संलग्न गरी सम्वन्धित पार्टीको नाममा भुक्तानी गर्नुपर्दछ ।

४४ **प्रमाण कागजात** ५५१,५००

प्रमाण कागजात : १९२।०७८।३।१३: आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सुर्मा एग्रोभेट सेन्टरको ४ थान विलबाट कृषि कार्यक्रमसंग रु. १०५२३५०।- सम्वन्धित सामानहरु प्लाष्टिक टनेल, सिकेचर, सिलपोलिन, थोपा सिंचाईसेट प्रत्येकको ४६ थान र पाइप १००० मिटर खरीद गरी वितरण गरेकोमा कृषकहरुको निवेदन, परिचय खुल्ने विवरण र वितरणको भरपाई पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | खरिद विवरण | परिमाण | वितरणको भरपाइ भएको परिमाण | बाकी | मूल्य |
|---|---|---|---|---|---|
| १ | प्लाष्टिक टनेल | ४६ थान | २३ | २३ | ४०२५०० |
| २ | सिकेचर | ४६ थान | २३ | २३ | २३००० |
| ३ | थोपा सिंचाई सेट | ४६ थान | २३ | २३ | ६९००० |
| ४ | पाइप | १००० मीटर | ० | १००० | ५७००० |
| जम्मा | | | | | ५५१५०० |

४५ **अनुत्पादक खर्च**

अनुत्पादक खर्च – सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले वडा नं.६ दुर्गादेवी पूजा प्रयोजनमा रु. ५०३१४५।- खर्च गरेको देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

४६ **बीमा नगरेको**

बीमा नगरेकोः सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु. दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोके बमोजिम बीमा गरेको देखिएन। भवन निर्माण, विद्युत गृह जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटना बच्न बीमा अपरिहार्य रहेकोले उक्त सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ ।

| क्र स | निर्माण व्यवसायीको नाम | निर्माण कार्यको विवरण | भुक्तानी |
|---|---|---|---|
| १ | सिया देवी निर्माण सेवा | वडा नं. ७ स्वास्थ्य चौकी भवन | १७६९५४७ |
| २ | जनसेवा कन्स्ट्रक्सन | वडा नं. ४ स्वास्थ्य चौकी भवन | १६६५५५१ |
| ३ | मष्टा बाठपाला कन्ट्रक्सन | वडा नं. ५ अफिस भवन | ४१९३५७९ |

४७ **गुणस्तर परीक्षण**

गुणस्तर परीक्षण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले नि्र्माण कार्य र आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

४८ **टुक्रा पारी खरिदः**

टुक्रा पारी खरिदः सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । निम्नानुसारको खरिद कार्य गर्दा प्याकेज बनाई खुला प्रतिस्पर्धात्मक विधि अपनाउन सकिने अवस्थामा पालिकाले ५ लाखको सीमा भित्रका टुक्रा टुक्रा पारी खरिद गरिएकोले प्रतिस्पर्धा सीमित हुन गएको छ । नियमावलीले गरेको व्यवस्था विपरीत गरी गरिएको कार्य नगरेकोले सो खरिद कार्य नियम सम्मत नदेखिएको रु.

| गौ.भौ.नं/ मिति | विवरण | फर्मको नाम | भुक्तानी |
|---|---|---|---|
| १९२।०७८।३।१३ | विभिन्न कृषि सामग्री | सुर्मा एग्रोभेटको २ थान विलबाट | १०५२३५० |
| १९३।०७८।३।२३ | फर्निचर | आर जे ट्रेडर्स | ४९९६७४ |
| २२७।०७८।३।२५ | फर्निचर | दिनेश ट्रेडिङ हाउस | ५००००० |
| जम्मा | | | २०५२०२४ |

४९

**अन्य कार्यालय तथा संस्थालाई भुक्तानी**

१,४७१,०२८

अन्य कार्यालय तथा संस्थालाई भुक्तानी : स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने र आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ४३ बमोजिम कुनै अधिकार प्राप्त अधिकारीले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाइदा हुने गरि सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन नहुने व्यवस्था छ र स्थानिय तहले नेपाल सरकारबाट प्राप्त अनुदान रकम मितव्ययिता, प्रभावकारीता र दक्षता पूर्वक स्थानिय विकास कार्यमा खर्च गर्नु पर्दछ । तर गाँउपालिकाले रु. भुक्तानी गरेको देखिएको र प्रहरी चौकी र हुलाक कार्यालयको आफ्नै तालुक विभागबाटै बजेट व्यवस्था हुने भएकोले यसरी भुक्तानी दिएको रकम नियमावली विपरित देखिएकोले नियमित हुनुपर्ने रु.

| गौ.भौ.नं/ मिति | संस्थाको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|
| ३६।०७७।९।१० | जय पृथ्वी शान्ति विकास समाज | फर्निचर खरिद | ९९९९९ |
| १८६।०७८।३।२२ | मटेला प्रहरी चौकी | भवन निर्माण | ११९७५३१ |
| १९३।०७८।३।२३ | इलाका हुलाक कार्यालय | ल्यापटप, सोलार | १७३४९८ |
| जम्मा | | | १४७१०२८ |

५०

**मोवाइल खरिदः**

३०,०००

मोवाइल खरिदः १७१।०७८।३।२० : सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा १२ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन पाउने छैनन् भन्ने उल्लेख छ।उक्त ऐनमा स्थानिय तहका पदाधिकारी तथा सदस्यलाई मोवाइल उलब्ध गराउने

| | | | | |
|---|---|---|---|---|
| | | | उल्लेख भएको पाइएन । त्यस्तै कर्मचारीहरुलाई पनि मोबाइल सुविधा उपलव्ध गराउने व्यवस्था छैन ।मोबाइल व्यक्तिगत प्रयोगको साधन भएको कारणले टेलिफोन सुविधा नभएको स्थानमा सञ्चार खर्चको माध्यमबाट सोको समस्या समाधान गर्न सकिने हुन्छ । कार्यालयले रु. ३९०००।- को मोवाइल खरिद गरेको छ । उक्त मोबाइल जिन्सी दाखिला समेत गरेको छैन । अत: यसरी नियमले व्यवस्था नगरेको सुविधाको लागि मोबाइल खरिद गरेको देखिएकोले खरिद वा प्रयोग कर्ताबाट असुल गर्नुपर्ने रु . | |
| ५१ | | | **उपभोक्ता समिति मार्फत खरिद कार्य**<br>उपभोक्ता समिति मार्फत खरिद कार्य : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई निर्माण प्रकर्तिको कार्यमात्र उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ र त्यस्तो कार्यमा जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले जनसहभागीताको अंश व्यवस्था नभएको खरिद प्रकृतिको शाहीकोट विद्युत विस्तार कार्यको लागि पोल, तार र अन्य सामग्री खरिद कार्य उपभोक्ता समिति मार्फत खरिद गरी रु. १०३३७२०।- भुक्तानी गरेको पाइयो । उपभोक्ता समितिलाई खरिद प्रकृतिको कार्य दिंदा खरिद कार्यमा प्रतिस्पर्धा नभई सामानको मूल्य महंगो पर्न जाने, गुणस्तर जांच नहुने हुनाले र जनसहभागीताको अंश व्यवस्था नहुने हुनाले यस्तो खरिद प्रकृतिको कार्य उपभोक्ता समितिलाई दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।अत: यस्तो कार्य नियम सम्मत नदेखिएको रु. | १,०३३,७२० |
| ५२ | | | **जनश्रमदान**<br>जनश्रमदान : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | १५५,६१८ |

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|
| ४१।०७७।९।२६ | विषयगत शाखाको माथिल्लो तला निर्माण उपभोक्ता समिति | १७९७८६१ | १७८८३६७ | १११८६१ | १२५११ |
| ४।०७८।३।२८ | जनप्रिय मा.वि.फिल्ड निर्माण | १८३४५३० | १७८५४०९ | ३२५४८० | ५७६६८ |
| ९३।०७७।१२। २५ | कुटानी पिसानी उपभोक्ता समिति | ६१०९०८ | ६०३०२६ | ११०९०८ | ५००० |
| २३।०७८।३।२५ | कोटखेत सिंचाई कुलो निर्माण उपभोक्ता समिति | ५६७७२५ | ५६७७२६ | ९७९२५ | २९२९८ |
| १८६।०७८।३। २२ | भवन निर्माण उपभोक्ता समिति | २५८०७७२। ६७ | १४०८८६१ | ४८०९१७ | ५११४१ |
| **जम्मा** | | | | | १५५६१८ |

५३

**नाफामूलक संस्थालाई अनुदान**

नाफामूलक संस्थालाई अनुदान : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्वेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायको नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. ६९५४२१।- अनुदान उपलब्ध गराएका छन् ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | लाली गुरांस बहुउदेश्यीय संस्था | भवन निर्माण | ६९५४२१ |
| २ | स्वच्छ महिला सुभकामना समिति | | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **शिर्षक फरक पारी खर्च**<br>शिर्षक फरक पारी खर्च : आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने र अर्थ मन्त्रालयको एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार बजेट खर्च लेख्दा तोकिएको खर्च शिर्षकबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार चालु खर्चहरु चालु शिर्षकबाट लेख्नुपर्नेमा पूजिगत शिर्षकबाट लेखेको र पूजिगत खर्च समेत शिर्षक फरक पारी खर्च लेखेको देखिएकोले शिर्षक फरक पारी खर्च लेखेको रु.४५६८१०२।- नियमित गर्नुपर्ने रु. | ९६६,३०७ |

| गौ.भौ.नं. | विवरण | रकम |
|---|---|---|
| २१६।०७८।३।२६ | औषधि खरिद खर्च अन्य सार्वजनिक निर्माण खर्च शिर्षकबाट लेखेको | ८०९८०७ |
| विभिन्न | कोभिड तर्फको खर्च अन्य सार्वजनिक निर्माण खर्च शिर्षकबाट लेखेको | १५६५०० |
| जम्मा | | ९६६३०७ |

| | | | | |
|---|---|---|---|---|
| ५५ | | | **बढी खर्च लेखेको**<br>बढी खर्च लेखेको : आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले भेट सेन्टर धनगढीको ३ थान बिलबाट ३४ प्रकारका भेटनरी औषधी खरिद गरी खर्च लेखेकोमा विलको जम्मा रकम रु. २०००००।– हुनुपर्नेमा जोडजम्मा फरक पारी रु. ३०८०००।– खर्च लेखेकोले रु. १०८०००।– बढी खर्च लेखेको असुल गर्नुपर्ने रु. | १०८,००० |
| ५६ | | | **आर्थिक बर्षको अन्तमा खरिद**<br>साथै मालसामान खरिद गर्दा आवश्यकता पहिचान गरी मितव्ययीता, कार्यदक्षता र प्रभावकारीता हुने गरी खरिद गर्नुपर्नेमा आर्थिक वर्षको अन्त्यमा मौज्दात रहने गरी खरिद कार्य गरेको अनियमित देखिएको रु. | २००,००० |
| ५७ | | | **प्रमाण कागजात**<br>प्रमाण कागजात : २२६।०७८।३।२६: सार्वजनिक खरिद नियमावली, २०७६४ को नियम ८५(४) मा रु. १ लाख भन्दा बढीको खरिद गर्दा मौजुदा सूचिमा रहेको कम्तिमा ३ वटा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने र आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र जिम्मेवार व्यक्तिले त्यस्तो खर्च लेख्नु अघि त्यस्तो रकम भुक्तानी दिन बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सूचना सन्देश प्रशारण गर्न साइपाल एफ | ३००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | एम संग सम्झौता गरी रु. ३०००००।– भुक्तानी गरेकोमा सम्झौतामा मिति उल्लेख नभएको, एफ एम बाट प्रसारणको समयदर पेश नभएको, कुन कुन सूचना कुन दिन र कति समय प्रसारण भएको हो सोको विवरण पेशनभएकोले उक्त प्रमाण वेगर भुक्तानीको प्रमाण पेश गर्नुपर्ने रु. | |
| ५८ | | | **उपभोक्ता समिति दर्ता**<br>उपभोक्ता समिति दर्ता — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैंन । पालिकाले यो बर्ष विभिन्न ५२ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ९ करोड ५६ लाख भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ५९ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १६ करोड पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ | |
| ६० | | | **विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी**<br>विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी एकिकृत प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त एकिकृत प्रतिवेदन तयार गरेको छैन । कार्यालयले जिन्सी मालसामान खरीद गर्दा जिन्सी शाखाले खरिद गरी जिन्सी सामानको आवश्यकता अनुसार माग फाराम भरी निकासा दिनुपर्नेमा शाखा र वडा पिच्छे मालसामान खरिद गर्ने गरेको पाइयो ।यसरी खरिद गरेको सामानको आम्दानी कार्यालयको स्टोरमा नदेखिने हुनाले वर्षभरिमा कार्यालयमा कति मालसामान खरिद भई कति खर्च भयो र कति बांकी छ भन्ने कुरा थाहा नहुने साथै विभिन्न शाखा र वडा कार्यालयहरुले खरिद गरेको सामान आम्दानी बांध्न छुट्न सक्ने र सवै मालसामान खर्च देखाउने हुनाले कार्यालयले मालसामान खरिद गर्दा जिन्सी शाखा मार्फत खरिद गरी आम्दानी जनाई माग फारामको आधारमा अन्य विषयगत शाखा र वडा कार्यालयहरुलाई निकासा दिनुपर्दछ । | |

६१

**जिन्सी निरीक्षण प्रतिबेदन**

जिन्सी निरीक्षण प्रतिबेदन : उक्त नियमावलीको नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखीएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा ३ सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उप नियम २ का कुराहरु खुलाउनु पर्ने व्यवस्था छ ।तर कार्यालयले जिन्सी निरीक्षण गराएको देखिएन । यसमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ ।

लेखापरीक्षणको क्रममा जिन्सी खाता माग गर्दा सफ्टवेयरमा राख्ने गरेको जवाफ प्राप्त भएको र सफ्टवेयर देखाउन अनुरोध गरेकोमा सो समेत देखाइएन । साथै उक्त सफ्टवेयरबाट प्राप्त प्रतिवेदनहरु लेखापरीक्षणमा पेश नभएकोले सो सम्वन्धमा एकिन गर्न सकिएन । यस सम्वन्धमा कार्यालयले प्रमाण पेश गर्नुपर्दछ ।

६२

**जिन्सी प्रमाण**

१,०००,०००

जिन्सी प्रमाण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको मालसामान ७ दिन भित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने, दफा २४ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्चको आदेश दिनु पर्ने, साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६ मा खर्च गर्दा त्यस्तो खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने कानूनी व्यवस्था छ । कार्यालयले खरिद गरेकोमा कानूनी व्यवस्था बमोजिम जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्वर, दाखिला प्रतिवेदन नम्वर र जिन्सी वर्गिकरण उल्लेख नगरेकोले उक्त प्रमाण पेश गर्नुपर्ने रु.

| गो. भौ.नं. | सामानको विवरण | फर्मको नाम | संख्या | रकम |
|---|---|---|---|---|
| ४०।०७७।९।२४ | स्टील बेन्च, ल्यापटप, प्रिन्टर | मालिका कम्प्यूटर्स, भूमि ट्रडिङ्स | ६२ बेन्च, ३ ल्यापटप, प्रिन्टर | १०००००० |
| जम्मा | | | | १०००००० |

६३

**सामानको स्पेसिफिकेसन तयार नगरेको**

सामानको स्पेसिफिकेसन तयार नगरेको : सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ मा सार्वजनिक निकायले कुनै मालसामान तथा उपकरण खरिद गर्दा तयार गरिने बोलपत्र सम्बन्धी कागजातमा मालसामानको प्राविधिक स्पेशीकेसन उल्लेख गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ मा सोही प्राविधिक स्पेशिफिकेशनमा आधारित भई सम्झौता गर्नु पर्ने भने नियम ४२ मा आपुर्ति भएको मालसामान बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको स्पेशिफिकेसन बमोजिमको भए नभएको कुरा परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद गरेका उपर्युक्त माल सामान तथा उपकरणहरुको सम्बन्धित विषय विज्ञको सहायतामा प्राविधिक स्पेशिफिकेसन तयार पारेको देखिएन र उपयुक्त प्राविधिक विशेषता निहित रहेको भनि सम्बन्धित विषय विज्ञबाट निरीक्षण समेत भएको देखिएन जसले गर्दा खरिद गरिएका सामान गुणस्तरीय तथा आवश्यक प्राविधिक विशेषत भए नभएको एकिन गर्न सकिएन ।आवश्यक गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी हुनु पर्दछ ।

| गो. भौ.नं. | सामानको विवरण | फर्मको नाम | संख्या | रकम |
|---|---|---|---|---|
| १९।०७७।७।२ | मोटरसाइकल खरिद | दिनेस अटोमोटीभ्स | १ थान | ३३६९०० |
| ३५।०७७।९।६ | ल्यापटप | न्यूट्ल ट्रेडर्स | १ थान | ७४००० |
| ८३।०७७।११।२६ | ल्यापटप | उग्रतारा ट्रेडिङ | १ थान | १२५००० |
| १७१।०७८।३।२० | ल्यापटप | मालिका कम्प्युटर | १ थान | ९०००० |
| १८१।०७८।३।२१ | ल्यापटप | इन्टेल कम्प्यूटर सेन्टर | ३ थान | २५५००० |
| | मोटरसाइकल | दिनेश अटोमोटिभ्स | १ थान | |

६४

**डीपीआर खर्च**

डीपीआर खर्च – सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| स्वस्थ्य भवन | मष्टा इन्जिनियरिङ कन्सल्टेन्सि | २०००००० | १९९६१३८ |
| वातावरण प्रभाव मूल्याङ्कन | आवास इन्जिनियरिङ कन्सल्टेन्सि | १०००००० | ९८९९३० |
| | | | |
| जम्मा: | | | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार

<table>
<tr><td></td><td></td><td></td><td>गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सवारी साधन खरिद<br>सवारी साधन खरिद :– अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २थान दुई पांग्रे सवारि साधन खरिदमा रु ३ लाख ४९ हजार तथा थान चार पांग्रे सवारी साधन खरिदमा रु ४५ लाख समेत रु ४८ लाख ४९ हजार खर्च गरेका छन् ।<br>
<table>
<tr><td>सवारी साधन विवरण</td><td>रकम रु</td></tr>
<tr><td>मोटर साइकल</td><td>३४९०००</td></tr>
<tr><td>लोडर</td><td>४५०००००</td></tr>
<tr><td>जम्मा</td><td>३८४९०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>निर्माण कार्यको गुणस्तरः<br>निर्माण कार्यको गुणस्तरः सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाइ अनिवार्य गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति<br>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी ११३ र पदपूर्तिमा स्थायी ७३ र ४० जना अस्थायी तथा करारमा राखि कार्यसञ्चालन गरेको अवस्था छ एवं विद्यार्थीको संख्या ५६४३ रहेको देखिन्छ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ६८ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु२७ लाख ५० हजार का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन: | |
| ६८.१ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको । | |
| ६८.२ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको । | |
| ६८.३ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ६८.४ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको । | |
| ६८.५ | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६९ | | | **अपुग विल भरपाई**<br>अपुग विल भरपाई – कार्यालय र उपभोक्ता समितिसंगको योजना संचालन संम्झौता वमोजिम कार्यालयवाट भुक्तानी गरिने रकम र सम्वन्धित लाभग्राही उपभोक्ताको लागतसहभागिता (जनश्रमदान) किटानीसाथ उल्लेख गरी संचालित योजनाहरुको रकम भुक्तानी गर्दा सम्झौताको रकम भन्दा घटी अर्थात घटी परिमाणको कार्य सम्पन्न | ९४८,५०१ |

गरेको अवस्थामा भुक्तानी गरिने रकम पनि सोही अनुपातमा कट्टा गरी भुक्तानी गर्नुपर्दछ। कार्यालयले त्यस्तो घटी परिमाणको कार्य सम्पन्न अवस्थामा सोही अनुपातमा कट्टी नगरी वढी भुक्तानी गरेको निम्नानुसार रकमको सम्वन्धित उपभोक्ता समितिवाट विल भरपाई पेश हुनुपर्ने रु

| गो.भौ./<br>योजना | संझौता रकम | कार्यसमपन्न<br>पेश | भुक्तानी<br>रकम | डोर हाजिरी<br>सहितको<br>वास्तविक विल | भुक्तानी हुनुपर्ने<br>रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २२।२०७७।११।२ भगवति प्रा वि भवन निर्माण | १९३८५९६ | १९३८५९६ | १५७८९५७ | १४३७४०८ | ११४९९२६ | ४२९०३१ |
| २७।२०७८।१।५ सूर्येदय आधारभूत विद्यालयको घेरवार | ५८०८२२ | ५८०८२२ | ४६९०६३ | ३१८१३९ | २४८५७४ | २२०४८९ |
| ६०।२०७८।३।२३ सन्तोषी आधारभूत विद्यालय खानेपानी तथा शौचालय मर्मत | ३२५१९७.९७ | ३१८१५८.१९ | २६०००० | २३४८४१.४ | १८७८७३.१२ | ७२१२६.८८ |
| ६१।२०७८।३।२३बान्नी मष्टा आधारभूत विद्यालय शौचालय निर्माण | १८९५५५२.७४ | १८९१९२.२४ | १४७७८२ | ७८५२८ | ६०६०४.४ | ८७१७७.६ |
| ६४।२०७८।३।२३ भगवती प्रा वि खानेपानी तथा सौचालय निर्माण | २८३००९८.९८ | २८३०९८.९८ | २५०००० | १३७९०४.३ | ११०३२३.४४ | १३९६७६.५६ |
| | | | | | | ९४८५०१ |

| | | | | |
|---|---|---|---|---|
| ७० | | | **अनुगमन भत्ता**<br>अनुगमन भत्ता: कार्यालयले वजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्नेमा भ्रमण आदेश वेगर विभिन्न समयमा अनुगमन खर्च भनि भुक्तान गरेको निम्न वमोजिमको रकम नियमसम्मत नदेखिएको रु | १२७,३०० |

| गो भौ | कार्यक्रम विवरण | रकम रु | कर पछिको रकम रु |
|---|---|---|---|
| २३३।२०७८।३।२३ | विभिन्न | ६६००० | ५६१०० |
| २६४।२०७८।३।२४ | परिक्षा व्यवसथापन | ६००० | ५१०० |
| ३०६।२०७८।३।२७ | सामाजिक कुरुती विरुद्वको अभिमुखिकरण कार्यक्रम | १०००० | ८५०० |
| | खोर निर्माण | ६००० | ४८०० |
| ३५।२०७७।८।३०ग्रामिण जलश्रोत | सामग्री खरिद व्यवस्थापन तालिम | १९२०० | १९२०० |
| १३८।२०७८।२।८ | जिविकोपार्जन सम्वन्धी कार्यक्रम | ३३६०० | ३३६०० |
| जम्मा | | | १२७३०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७१ | | | | **कार्यपत्र वेगरको प्रशिक्षण भत्ता**<br>कार्यपत्र वेगरको प्रशिक्षण भत्ता: कार्यसञ्चालन निर्देशिका २०७५ को परिच्छेद ७.१.१५ मा तालिम तथा प्रशिक्षण कार्यक्रममा प्रशिक्षण वापतको भत्ता निर्धारण गरेको छ। कार्यलयले कार्यपत्र विना नै प्रशिक्षण भत्ता वापतको भुक्तानी भएको रकम सम्वन्धितबाट असूल हुनुपर्ने रु | ५७,६६५ |

| गो भौ | कार्यक्रम | भत्ता रकम रु | कर कट्टी पछिको रकम रु |
|---|---|---|---|
| ४६।२०७७।९।२१ | स्वास्थ्य चौकी समिक्षा गोष्ठी ४ शेसन | १२००० | १०२०० |
| २४१।२०७८।३।२३ | सामाजिक व्यवहार परिवर्तन सम्वन्धि १ दिने गोष्ठी ४ शेसन | ४८०० | ४०८० |
| ३१०।२०७८।३।२९ | महिला हिँसा तथा समावेशिकरण सम्वन्धि गोष्ठी ३ शेसन | ४५०० | ३१५० |
| ३५।२०७७।९।२७ ग्रामिण जलश्रोत | सामाग्री खरिद तथा व्यवस्थापन तालिम ९ शेसन | १३५०० | ११४७५ |
| ५०।२०७७।९।२८ | महिनावरी सरसफाई तालिम ५ शेसन | ७००० | ५८०० |
| ५५।२०७७।९।२८ | लैगिक समानता योजना तर्जुमा गोष्ठी ६ शेसन | ९००० | ७६५० |
| ५६।२०७७।९।२८ | लैगिक समानता योजना तर्जुमा गोष्ठी ६ शेसन | ९००० | ७६५० |
| ५७।२०७७।९।२८ | लैगिक समानता योजना तर्जुमा गोष्ठी २ शेसन | ३००० | २५५० |
| ९०।२०७७।९।२८ | लैगिक समानता योजना तर्जुमा गोष्ठी ६ शेसन | ६००० | ५१०० |
| जम्मा | | | ५७६६५ |

| | | | | |
|---|---|---|---|---|
| ७२ | | | **अनियमित खर्च**<br>**अनियमित खर्च:**प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले गो भौ ५१ बाट वाख्रा विकास पकेट कार्यक्रम वापात रु ८४००००।भुक्तान गरेकमा वाख्रा खरिद विल तथा प्राप्ति विवरण विना नै कार्यक्रम समपन्न भयो भनि भएको उक्त खर्च नियमसम्मत नदेखिएको रु | ८४०,००० |
| ७३ | | | **घटी वितरण**<br>घटी वितरण: : कार्यालयले निम्न कार्यक्रमहरुमा वितरण कार्यक्रम समपन्न भनि भुक्तानी भएको कार्यक्रम वापतको भुक्तानीमा घटी वितरण भरपाईका कार्यक्रम समपन्न वानाई खर्च गरेको रकम सम्वन्धितबाट असूल हुनुपर्ने रु | ३६,६०० |



https://nams.oag.gov.np

| गो भौ/कार्यक्रम | खरिद | | वितरण भरपाई | | अपुग भरपाई | |
|---|---|---|---|---|---|---|
| | सँख्या | रकम रु | सँख्या | रकम रु | सँख्या | रकम रु |
| २३८।२०७८।३।२३ पोषण कर्नर कार्यक्रम अण्डा वितरण | ४६७० | १४०१०० | ३४५० | १०३५०० | १२२० | ३६६०० |

| | | | | |
|---|---|---|---|---|
| ७४ | | | **असूल हुनुपर्ने**<br>असूल हुनुपर्ने: प्रदेश आर्थिका कार्यविधि नियमावली २०७६ को दफा ३७.२ मा सम्वन्धित वजेट खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई सोही वमोजिम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।गो भौ २३१।२०७८।३।२३ बाट सुरेश सिँह धामी को सामाजिकपरिचालन तथा उद्यमशिलता विकास तालिम पेश्की रु २३७४००।फर्छोट गरेको छ। उक्त पेश्की फच्र्छौट कार्यक्रम कार्ययोजना ,सहभागि विवरण तथा तालिम सञ्चालनका आधारभूत कुराहरु समेत रहेको देखिदैन। खाना तथा अन्य विलहरु पनि एउटै पटक पटक फोटोकपी गरेर राखी कार्यक्रम विवरण तयार गरेको देखिन्छ। प्रशिक्षण भत्ता कार्यक्रम सञ्चालक आफैले सवै कार्यक्रम गरेको विवरण तयार गरि पेश गरेको देखिन्छ। एकै व्यक्तिले सवै काम गरि कार्यक्रम सम्पन्न भयो भन्ने वस्तुनिष्ठ आधार पनि देखिदैन । अत: विना आधारको उक्त खर्च कार्यक्रम सञ्चालक बाट असूल हुनुपर्ने रु | २३७,४०० |
| ७५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस गाउपालिका भित्रका ७ वडाहरुमा योजनाहरु सञ्चालन गरी यस वर्ष २०६ जनालाई रोजगारी उपलव्ध गराई रु ६० लाख ८२ हजार खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |
| ७६ | | | **कर कट्टी**<br>९३।२०७७।९।२५ कर कट्टीः आयकर ऐन २०५८ को दफा ८८ १ मा कुनै पनि कुनै पनि किसिमको सहायता रकम संघ संस्थालाई अनुदान दिदा १५ प्रतिशत अग्रीम आयकार काटी बाँकी भएको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले बोलन्या थली (६१३१६५८४२) लाई रु ३३८५२।०० आर्थिक सहायता दिदा अग्रीम १५ प्रतिशत अग्रीम आयकर नकाटी सोझै वितरण गरेको छ । ऐनमा भएको व्यवस्था अनुसार कर कट्टा नगरेको रकम असूल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | ५,०७८ |
| ७७ | | | **सम्झौता अनुसारको कार्य** | ९,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | ४३९।२०७८।३।११ सम्झौता अनुसारको कार्यः विज्ञापन, सूचना र सन्देश प्रसारण गर्न छविस पाथिभरा गाउँपालिका र रेडियो केदार ९१.६ बीच रु ६००००।०० मा भएको सम्झौताको शर्त नं ८ बमोजिम समझौता रकमको एकमष्ट भुक्तानी दिदा १५ प्रतिशत भुक्तानी रकमको छुट पाउने गरी सम्झौता भएको छ । तर कार्यालयले उक्त रेडियोलाई १५ प्रतिशत सम्झौता अनुसारको रकम कट्टा नगरी पुरै सम्झौता रकम नै भुक्तानी गरेकोले सम्झौता अनुसारको १५ प्रतिशतले हुन आउने रु ९०००।०० असूल गरि दाखिला गर्नुपर्ने रु | |
| ७८ | | | **प्रमाण पेश**<br>१४५।२०७७।१०।६ प्रमाण पेशः प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले पतालचौर टनेल निर्माण गर्दा मेजरमेन्ट बुक कार्य सम्पन्न प्रतिवेदन कार्य सम्पन्नको फोटो नराखी सोझै रु ४००००।०० भुक्तानी गरेकोले छ । उक्त कार्य भए नभएको कार्यलयले छानविन गरी मेजरमेन्ट बुक कार्य सम्पन्न प्रतिवेदन कार्य सम्पन्नको फोटो सहितको विवरण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ४०,००० |
| ७९ | | | **नर्म्स फरक पारी बढी भुक्तानी**<br>२०९।२०७७।११।२४ नर्म्स फरक पारी बढी भुक्तानीः दुर्गा बाठपाला फलफुल उत्पादन कृषक समुहले पालिका संग सिंचाइ ट्याङ्की निर्माण गर्न गरेको सम्झौतामा लागत अनुमान रु ५८६८०१।१९ तयार गर्दा पालिकाले ५०००००।०० व्यहोर्ने गरी सम्झौता गरेको छ । उक्त कार्यमा देहायका कार्यमा नर्म्स भन्दा बढी भुक्तानी गरेको रकम असूल गरि दाखिला गर्नुपर्ने रु | २७,०३७ |

| कार्य | परिमाण | दर | भुक्तानी रकम | वास्ताविक कार्य परिमाण | दर | भुक्तानी रकम गर्नुपर्नेरकम | वढी भुक्तानी नी |
|---|---|---|---|---|---|---|---|
| Stone soling work | २६.४ | ६३४२ | १६७४२८ | २४.६ | ६३४२ | १५६०१३ | ११४१४ |
| Stone masonry work | ११.८८ | १५८१२ | १८७८४८ | ११.०७ | १५८१२ | १७५०४० | १२८०८ |
| Pcc for rcc(1:2:4 | १.७६ | २३४५२ | ४१२७६.५ | १.६४ | २३४५२ | ३८४६२ | २८१४.४ |
| जम्माः | | | | | | | २७०३७.३ |

उक्त कार्यमा सिमेन्ट ४५ प्याक र Reinforcement work मा ९०.०९ केजी १४५.३९ का दरले रु १३०९८ को कार्यसम्पन्नमा पेश भएको छ । तर संलग्न फांटारीमा विल भर्पाइ पेश नभएकोले उक्त कार्यमा कार्य सम्पन्नमा राखिएको मात्राको सामाग्री प्रयोग भए नभएको

| | | | | |
|---|---|---|---|---|
| ८० | | | **बढी भुक्तानी** | २५,६१४ |

| | | | | |
|---|---|---|---|---|
| | | | २२१।२०७७।११।२५ बढी भुक्तानीः Sirapabhir RCC Cannel contribution कार्यमा Reinforcement work ३८२.९३ के. जि १४१.५७ का दरले कार्यसम्पन्न तयार गरी रु ५४२१३.२६ भुक्तानी गरेको छ । तर संलग्न फांटवारीमा निलम हार्डवेयर एण्ड सप्लायर्सबाट ८ र १० mm का २०२ के जि मात्र खरिद गरेको छ । उक्त क्यानलको लागि चाहिने सामाग्री भन्दा कम सामाग्रीको विल राखेकोले निर्माण कार्य गुणस्तरिय भए नभएको छानविन गर्नुका साथै बढी भुक्तानी गरेको १८०.९३ के जि को १४१.५७ का दरले रु २५६१४.२६ असूल गर्नुपर्ने रु | |
| ८१ | | | **अनुपस्थित भत्ता**<br>३८६।२०७८।०२।२८ अनुपस्थित भत्ताः प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर वडा नं ६ का जनप्रतिनिधिलाई विभिन्न मितिका बैठक भत्ता भुक्तानी गर्दा वडा सदस्य श्री आशा परियार बैठकको माइन्यूट हेर्दा १६ वटा बैठक मध्ये ५ वटामा उपस्थित र ११ वटामा अनुपस्थित देखिएकोले प्रतिबैठक १०००।०० दरले ११ बैठकको रकम रु ११०००।०० असुल गरी दाखिला गर्नुपर्ने रु | ११,००० |
| ८२ | | | **प्रमाण पेश**<br>३२१।२०७८।०१।१५ प्रमाण पेशः प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । श्री सुरेश रेग्मीलाई PET VET Centre(300951110) बाट पशु औषधी खरिद वापतको रु १८००००।०० भुक्तानी गरेको छ । निज रेग्मीले उक्त औषधी खरिदको फोटोकपी विल पेश गरेकोले सक्कल विल र जिन्सी दाखिलाको प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु | १८०,००० |
| ८३ | | | **बढी दरमा भुक्तानी**<br>३९८।२०७८।०३।०४ बढी दरमा भुक्तानीः आलिखोला बाटो मर्मत वडा नं २ को लागत अनुमान रु २१४७९७।८५ तयार गरी निर्माण सुधार कार्यक्रमबाट रु १७००००।०० र उपभोक्ता समितीबाट रु ४४४९७।०० व्यहोर्ने गरी सम्झौता भएको छ । ग्याविन भर्ने कार्य २० घनमिटरको रु ४१२५ दरले रु ८२५००।०० भुक्तानी गर्नुपर्नेमा रु ६७२१।७० प्रति घनमिटरका दरले रु १३४४३४।०० भुक्तानी गरेको छ । जिल्लामा प्रयोग गर्नुपर्ने नर्म्स भन्दा फरक नर्म्स प्रयोग गरी रु २५९६ का दरले रु ५१९३४ बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु | ५१,९३४ |
| ८४ | | | **प्रमाण पेश**<br>४८२।२०७८।३।१६ प्रमाण पेशः प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को ३६(३) मा खर्चको भुक्तानी गर्दा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । | |
| ८५ | | | **समाजिक सुरक्षा भत्ता**<br>समाजिक सुरक्षा भत्ता: कार्यालयले सामाजिक सुरक्षा भत्ता रु ६१२७७९७९ प्राप्त गरेकोमा रु ६१२७७९७९ नै खर्च गरेको देखिन्छ। | |
| ८६ | | | **सामाजिक सुरक्षा भत्ता दोहोरो वितरण** | ८९,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा भत्ता दोहोरो वितरणः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्दा दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने व्यवस्था छ ।पालिका अन्तरगतका देहाएका वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्न पेश्की लगी लाभग्राहीलाई वितरण गर्दा लाभग्राहीको नामावली दोहोरो परेको र दोहोरो नामावली भएका लाभग्राहीलाई समेत दुई पटक भत्ता वितरण गरेको भर्पाइ संलग्न फांटवारीमा पेश हुन आएको छ । यसरी एउटै व्यक्तीलाई दुईपटक वितरण गरेको रकम सम्वन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु | |
| ८७ | | | **कोभिड–१९ तर्फ**<br>आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः | |

| परिचय पत्र नं | नाम | नागरिकता नम्वर | वडा ननं | लाभग्राहीको किसिम | रकम |
|---|---|---|---|---|---|
| २००४०११०१५२८६ | गुनमती देवी कामी | ७११०२१/२९ | ३ | जेष्ठ नागरिक अन्य | २९००० |
| २०११०८०५०२२०१ | चन्द्रा सिंह/चन्द्र कु शार्की | २१८४ | ३ | जेष्ठ नागरिक अन्य | २४००० |
| २००१०१०१३८४०८ | विष्ना बोहोरा | १७७८ | ३ | जेष्ठ नागरिक अन्य | १२००० |
| २००५०३२००३०९४ | किटो/किडो सोती | ९५ | ३ | जेष्ठ नागरिक अन्य | २४००० |
| जम्माः | | | | | ८९००० |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| गत बर्षको बाँकी | | राहत वितरण | |
| स्थानीय तहको आफ्नै वजेटवाट | ६७३१६४४ | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | |
| | | औषधी एवं स्वास्थ्य उपकरण खरिद | |
| | | आइसोलेसन केन्द्र निर्माण | |
| | | खोप कार्यक्रम खर्च | |
| | | जोखिम भत्ता | |
| | | प्रशासनिक खर्च | |
| | | अन्य विवध खर्च | ५६००००० |
| | | वाँकी | ११३१६४४.२२ |
| **जम्मा** | **६७३१६४४.२२** | | **६७३१६४४.२२** |

८८

**पेश्की बाकी**

पेश्की बाकीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले १५ दिन भित्र फछ्यौंट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्यौंट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।



https://nams.oag.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

| पेश्की लिने व्यक्तिको नाम | प्रयोजन | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|
| पुष्प निर्माण सेवा | मोविलाजेशन | | ४७६००० |
| सूर्योदय आ वि | समपुरक अनुदान | २७६४६६ | |
| साङ्ला कृषक समूह | वागवानी विकास | | ६००००० |
| छडखोला खोरी खानेपानी योजना | समपुरक | २५०००० | |
| जनप्रिय मा वि वडगाऊ | | १०५००००० | ४५००००० |
| मटेला कृषिसहकारी | | ३०८२१२ | |
| सूर्योदय आ वि | | ९००००० | |
| छडखोला खोरी खानेपानी योजना | | २७१६१३९ | |
| वहुउद्वेश्यिय कुटानी पिसानी कृषक समूह | | १४०००० | |
| वनमडाडा निजिधारा खानेपानी | | १०९१०७ | |
| | | १५१९९९२४ | ५५७६००० |

| | | | | |
|---|---|---|---|---|
| ८९ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजू**<br>आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजूः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फर्स्यौट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फर्स्यौट नभएकोले नियमानुसार फर्स्यौट हुनु पर्दछ ।<br>सेति क्याम्पस वडगाऊलाई शैक्षिक सामग्री खरिदमा ट्रेडिङ भिमदत्त र मालिका कम्युटर सेन्टर लाई भुक्तानीमा ५०% ले हुने रु ४८०३४ मूल्य अभिबृद्धि कर समायोज प्रमाण पेश हुनुपर्ने रु | ४८,०३४ |

९० अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ६०७०४ | १५९०८ | ४४७९६ |

यस वर्ष फछ्र्यौट भएको बेरुजुको स्थिति निम्नानुसार रहेको छ ।


https://nams.oag.gov.np

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्योटको आधार<br>असुली<br>प्रमाण<br>नियमित<br>पेश्की | सम्परीक्षण रु |
|---|---|---|---|---|---|
| १ | २०७५।७६ | १९ | योजनाको लागत अनुमान तयार गर्दा रेट एनलाईसिस नगरेको प्राविधिक मूल्याँकन नगरि समामनको मात्र मूल्याँकन भुक्तानी लेखेको अनियमित देखिएको रु ५४२०३३३.१९ | रेट एनलाईसिस र प्राविधिक मूल्याँकन प्रतिवेदन नापी कितावमा सँलग्न प्रमाणका आधारमा वेरुजु फछ्र्यौट भई | ५४२०३३३.१९ |
| २ | २०७५।७६ | ४४ | स्थानिय पदाधिकारी ऐनको विपरित सुविधा असूल हुनुपर्ने रु १५०००० | वेरुजु खातमा रकम दाखिला प्रमाणका आधारमा वेरुजु फछ्र्यौट भई | १५०००० |
| ३ | २०७५।७६ | ५० | प्रमाण वेगरको वढी खर्च दावि रु १५००० | वेरुजु खातमा रकम दाखिला प्रमाणका आधारमा वेरुजु फछ्र्यौट भई | १५००० |
| ४ | २०७५।७६ | ५३ | भुक्तानीमा कर कट्टी नभएको रु ४५० | वेरुजु खातमा रकम दाखिला प्रमाणका आधारमा वेरुजु फछ्र्यौट भई | ४५० |
| ५ | २०७६।७७ | १३६ | पेश्की फछ्र्यौट नभएको रु ९४९०२५४ | नगद दाखिला तथा प्रमाणले पेश्की फछ्र्यौट गरि सो आधारमा वेरुजु फछ्र्यौट भई | ९४९०२५४ |
| ६ | २०७६।७७ | ८४ | पदाधिकारी अनुगमन भत्ता असूल हुनुपर्ने रु ४००००। | वेरुजु खातमा रकम दाखिला प्रमाणका आधारमा वेरुजु फछ्र्यौट भई | ४०००० |
| ७ | २०७६।७७ | १०४ | कार्यान्वयन पुस्तिका विपरितको वढी निकासा भएको रु ७९२०००। | नगद दाखिला तथा प्रमाणले पेश्की फछ्र्यौट गरि सो आधारमा वेरुजु फछ्र्यौट भई | ७९२००० |
| जम्मा | | | १५९०८०३४.१९ | | १५९०८०३४.१९ |

९१ अद्यावधिक बेरुजु

यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ६०७०४ | १५८९०८ | १८९७८ | ० | ७९२२६ |